# बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७५

नेपालको संविधानको धारा २२८ को उपधारा २ मा उल्लेख भएअनुसार र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) ६ अनुसार स्थानीय राजश्व विस्तार तथा प्रवर्द्धन कार्य गर्न नगर सभाले पारित गरेको आर्थिक ऐन तथा प्रदेश सरकारले पारित गरेको आर्थिक ऐन कार्यान्वयन गर्न मिति: २०७५ असोज़ ५ गते बसेको नगरकार्यपालिकाको बैठकले **बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७५ पारित गरी लागु गरियो ।**

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१ ) यस कार्यविधिको नाम "**बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७५**" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ठेक्का" भन्नाले बर्दिवास नगरपालिकाले यस कार्यविधिको प्रकृया पुरा गरी बोलपत्र वा सिलबन्दी दरभाउपत्र वा अन्य कुनै माध्यमबाट आय संकलन गर्न गरेको कार्य सम्झनु पर्दछ ।

(ख) "ठेक्का सम्झौता" भन्नाले यस कार्यविधी वा प्रचलितकानून बमोजिम स्थानीय तहको आन्तरिक आय उठाउन स्थानीय तह र अन्य कुनै पक्षबीच शर्त राखी गरिएको सम्झौताभनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

बिदुर कुमार कार्की
प्रमुख

ञ। (ग) "कबोल अङ्क ( बिड प्राइस)" भन्नाले कुनै बोलपत्रको परीक्षण र मुल्याङ्कन समेतबाट कायम हुन आएको रकम सम्भनुपर्छ ।

(घ) ऐन : भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्भनु पर्छ ।

## परिच्छेद २

## स्थानीय निकायको आन्तरिक आय संकलन( ठेक्का बन्दोबस्त) सम्बन्धी व्यवस्था

**३. बर्दिवास नगरपालिकाको आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :–**

( १) ऐनको अधिनमा रही स्थानीय तहको सम्बन्धित आर्थिक ऐन र कानुन भएको व्यवस्था अनुसार साझा अधिकार सूचिको हकमा प्रदेश सरकारले तोक्ने दर, सेवा शुल्क, दस्तुर प्रदेश सरकारको आर्थिक ऐन अनुसार आन्तरिक आय असूल गर्न सम्बन्धित स्थानीय तहले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर स्थानीय तहको आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक

दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

स्पष्टीकरण: यस कार्यविधिको प्रयोजनको लागि आन्तरिक" आय" भन्नाले नेपाल सरकारबाट तथा प्रदेश सरकार बाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्भनुपर्छ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहको समूहले आपसी सहमतिद्वारा संयुक्त रुपमा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन्।

(३) स्थानीय तहले सामान्यतया आर्थिक वर्ष शुरु हुनु अगाडि नै ठेक्कावन्दोबस्त गरी ठेक्का सम्झौता कार्य

प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बिदुर कुमार कार्की
प्रमुख

सम्पन्न गरिसक्नु पर्नेछ यसरी ठेक्का वन्दोवस्त गर्दा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि फर्म तथा व्यक्तिको सूचीकृत गराई रहन आवश्यक पर्ने छैन ।

(४) उपनियम (१) बमोजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ-

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसके पछि ठेक्का बन्दोवस्त गर्नको लागि आर्थिक ऐनमा निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्वन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा आन्तरिक कुनै आय पाँच लाख रुपैयाँभन्दा कम उठ्ने भएमा सोझै वार्ता द्वारा र पाँच लाख रुपैयाँभन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम सिलबन्दी वोलपत्र आह्वान गर्दा बीस लाख रुपैयाँसम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने पत्रिका वा राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा सो नगरपालिकाको कुनै निर्माण व्यवसायी संस्था भए त्यस्ता संस्थाको कार्यालयमा समेत सवैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँसगरी सोको मुचुल्का वा टाँसेको प्राप्त जानकारी गर्नु पर्नेछ । वीस लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु- पर्नेछ :

(१) साबिकमा ठेक लागि आएको भए कति रकम र के शर्तमा ठेक लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान( खुलाउँदा सम्बन्धित स्थानीय तहको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिने वा वेवसाइट बाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ। यसरी वेवसाइट बाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ।

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको कार्यालयको नाम वा अधिकारीको नाम खुलाउँदा सम्बन्धित स्थानीय तहको निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ,

(८) बोलपत्र बापत लाग्ने मूल्य,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा वैंङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु।

(च) खण्ड (ङ) को उपखण्ड( ८) बमोजिम बोलपत्रफारमको दस्तुर कायम गर्दा देहाय बमोजिमको दस्तुर कायम हुनेछ।

१) दुई करोड रुपैयाँ सम्मको लागि तीन हजार रुपैयाँ।

२) दुई करोड रुपैयाँ भन्दा माथि दश करोड रुपैयाँसम्मको लागि पाँच हजार रुपैयाँ।

३) दश करोड रुपैयाँ भन्दा माथि पच्चीस करोड रुपैयाँसम्मको लागि दश हजार रुपैयाँ।

४) पच्चीस करोड भन्दा माथि जतिसुकै रकमका लागि बीस हजार रुपैयाँ मात्र।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधियसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

... प्रसाद अधिकारी
... प्रशासकीय अधिकृत



...न्द्र कुमार कार्की
प्रमुख

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आव्हान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोलअङ्क अनुमानित ठेक्काअङ्क भन्दा कम भएमा वा नगरकार्यपालिकाले पून: बोलपत्र सूचना आह्वान गर्ने निर्णय गरेमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुन:सूचना प्रकाशनगरी बोलपत्र आह्वान गर्नु पर्ने । पन्ध्र दिने सूचनाको हकमा कम्तिमा सात दिन म्याद राखी पून: बोलपत्र आह्वान गर्नुपर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा तीस दिनको बोलपत्रको हकमा सात दिन पुन म्याद दिई खण्ड( ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिकोबढाबढसूचना प्रकाशन गर्नु पर्नेछ- :

(१) बढाबढ हुने स्थानीय निकायको कार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने समय र मिति,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपनियम (४) को खण्ड( ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम त्यस्तो सूचना प्रकाशन गर्ने स्थानीय तहको उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंङ्कबाट मान्यता प्राप्त “क” बर्गको बैकले जारी गरेको एक सय वीस दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ ।

तर यसरी सूचना प्रकाशित गर्दा पनि स्थानीय तहले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा वा सारभूत रुपमा प्रभावग्राही छनौट हुन नसकेको अवस्थामा स्थानीय स्तरको सम्बन्धित राजश्व परामर्श समितिको बैठकको सिफारिस आवश्यक प्रकृया अपनाइ आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६) यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (५) बमोजिम राखिएको जमानत वापतको

रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिन भित्र निजलाई फिर्ता गर्नु पर्नेछ ।

अखिल प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बिदुर कुमार कार्की
प्रमुख

तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानत वालाहरुको जमानत स्थानीय निकायले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपनियम (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

८) एकमात्र बोलपत्र परेको कारणले मात्र कुनै पनि बोलपत्र अस्वीकृत हुने छैन् ।

**४. ठेक्का स्वीकृत गर्ने:** (१) नियम ३ को उपनियम (४) अन्तरगत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक स्थानीय तहले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

(३) नियम ३ को उपनियम( ४) को खण्ड( झ) बमोजिम सार्वजनिक बढावढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्ने वालाको डाँक तत्कालै नियम ३ को उपनियम( ५) बमोजिमको धरौटी वा बैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

(४) यस परिच्छेद बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढ डाँक स्वीकृत गर्ने अधिकार स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

**५. पट्टा दिने र कबुलियत गराउने::**

(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोवस्त गर्ने स्थानीय तह वा अधिकारीले स्वीकृत भएको सात दिन भित्र सो कुराको सूचना बोलपत्र दाता वा डाँकवालालाई दिनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

बिदर कुमार कार्की

(२) उपनियम (१) बमोजिम सूचनाको अवधि पन्ध्र दिनको सम्झौताको म्याद दिई सो म्याद भित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ। यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा स्थानीयको रोहवरमा सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेपछि सूचना प्राप्त भएको मानिनेछ। तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ।

(३) उपनियम (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जूर गरे ठेक्का बन्दोबस्त गर्ने स्थानीय तहको सचिवले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूरी निजले नगरेपछिको अवस्थामा निजको जमानत जफत गरेपछि दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ। यसरी ठेक्का वन्दोवस्त गर्दा त्यस्तो रकम स्थानीय तहले अनुमान गरेको अङ्कभन्दा कम हुने रहेछ वा पहिलो हुने ठेकेदारको जमानत जफत भएको अवस्थामा र योग्यता क्रमको दोस्रो ठेकेदार अर्को बोलपत्रको ठेक्कामा जमानत जफत भई कारबाहीमा परेको अवस्थामा तेस्रो बोलपत्रदाता लाई स्वीकृत गर्नुपर्ने भएमा बोलपत्रको ठेक रकमको अन्तरलाई मूल्यांकन गरी यस सम्बन्धमा नगरकार्यपालिकाको बैठकले निर्णय गरी पून: उक्त ठेक्काको बोलपत्र आह्वान गर्न सक्नेछ।

(४) स्थानीय तहले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिनभित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश निकासा गरी भए बमोजिम गर्नु पर्नेछ। स्थानीय तहको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिनभित्र बोलपत्र वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ। सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले कार्य लाई स्थानीय तहले कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्ति बाट हानी नोक्सानी असूल उपर गरी लिनु पर्नेछ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत कवोल अङ्कको वा ठेक रकमको नेपाल राष्ट्र बैङ्क बाट मान्यता प्राप्त बैंङ्कको कम्तीमा छ महिना म्याद भएको पर फरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित

ठेकेदार संग बोलपत्रमा उल्लेख गरेको ढाँचा बमोजिम कवुलियत गराई अनुसूचि- १ बमोजिम पट्टा दिनु पर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्याद भित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम ३ को उपनियम( ५) बमोजिम राखेको जमानत जफत भई स्थानीय तहको संचित कोषमा दाखिला हुनेछ । त्यस्तो बोलपत्रदातालाई कालो सूचिमा राख्ने अधिकार नगरकार्यपालिकालाई हुनेछ र जमानत जफतमा परेको ठेकेदारले नगरपालिका भित्रका कुनै पनि काम कारवाहीमा ३ बर्ष सम्म भाग लिन नपाउने निर्णय नगरकार्यपालिकाले गर्न सक्नेछ । र एकैपटक सूचना प्रकाशन भई छुट्टाछुट्टै बोलपत्रमा संलग्न भएको भए एक बोलपत्रमा कारवाहीमा परेको भएमा स्वतः अन्य ठेक्काबाट पनि कारवाही भएको मानी स्वतः योग्यताक्रम बाट हटाईने छ ।

---

**६. ठेक्का रकमको किस्ता बुझाउने तरिका:** (१) स्थानीय तहले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ता को अङ्क निर्धारण ठेक्का सम्बन्धी सूचना र बोलपत्रमा उल्लिखित असूली कार्य तालिका र अन्य शर्त बमोजिम हुनेछ ।

तर यसरी कार्य तालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको मिलान समय भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएम ार औचित्य हेरी बढीमा पाँच प्रतिशतसम्म छूट दिन सकिनेछ । तर यस्तो छूटको प्रतिशत बोलपत्र वा वढावढको सूचनामा उल्लेख भएको हुनु पर्नेछ ।

**७. ठेक्का तोड्ने :** (१) पट्टा कबुलियतको कुनै शर्त बेर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले स्थानीय तहले तोकेको दरभन्दा बढी दरमा कर असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका माल वस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दोहोरो हुने गरी कर असूल गरेमा त्यस्तो रकम त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित स्थानीय तहले फिर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ , यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का वन्दोवस्त गर्दा साविकको रकम भन्दा कम प्राप्त रकम भएमा र नयाँ ठेक्का वन्दोवस्त गर्दा लागेको रकम असूल उ्पमा नभए सरकारी वाँकी

अर्जुन प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भिदुर कुमार कार्की
नगर प्रमुख

सरह असूल उपर गरी निजको नाम काला सूचीमा राखी अन्य स्थानीय तहहरु र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम गनि महशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

(५) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट स्थानीय तहलाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए

निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ । तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने सम्बन्धित स्थानीय तहको सभाले सो बमोजिम असूल गर्नु पर्ने रकम मध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

(६) स्थानीय निकायले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलान पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदार लाई भएको हानी नोक्सानी स्थानीय तहले व्यहोर्नु पर्नेछ ।

**८. बक्यौता रकम तथा राजश्व छलीको असूली सम्बन्धी व्यवस्था :-**

(१) स्थानीय तहले विभिन्न कारणवाट असूल हुन नसकी वाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्य योजना वनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपनियम (१) वमोजिम असूल गर्नुपर्ने रकम असूलीका लागि स्थानीय प्रशासन, प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम सहयोग प्राप्त बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई स्थानीय तहले असूली अङ्कको बढीमा १० (दश) प्रतिशतसम्म रकम पुरस्कार स्वरुप उपलव्ध गराउन सक्नेछ , एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियता मा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाही उपलव्ध गराउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

(४) राजश्व छलि गर्ने, चोरी-निकाशी गर्ने बाट नगरकार्यपालिकाले तोकेको दण्ड जरिवाना अनुसार रकम असुल भएमा सो कार्यमा सहयोग गर्नेलाई असूल उपर रकमको २० (बीस) प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराईनेछ ।

(५) उपनियम (१),(२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

**९. मिलेमतो गरेमा कारवाही सम्बन्धी व्यवस्था :** प्रतिस्पर्धात्मक पद्धती विपरित हुने गरी कुनै ठेकेदारले मिलेमतो गरेको प्रमाणित हुन आएमा त्यस्तो ठेकेदारलाई नगर कार्यपालिकाले कारवाही गरी निजको जमानत रकम जफत गर्न सक्नेछ र आफ्नो क्षेत्रमा ३ (तीन) बर्ष सम्म कालो सूचिमा राखि कामकारबाहीमा भाग लिन नपाउने निर्णय गर्न सक्नेछ ।

**१०. कागजातको परीक्षण** : बोलपत्रमा भाग लिने ठेकेदारको सम्बन्धित कार्यको लागि इजाजत प्राप्त गरेको कागजात, नविकरण, कर चुक्ता, बैक जमानत जस्ता आवश्यक कागजातहरुको विशेष परीक्षण पश्चात मात्र सम्झौताका लागि पत्राचार गरिनेछ । कागजातको परीक्षण गर्ने अधिकार नगरपालिकाको खरिद इकाइ तथा तोकेको बोलपत्र मूल्याँकन समितिलाई रहनेछ ।

**११. ठेक्का मूल्याँकन समितिः** १) ठेक्का मूल्याँकन समितिको गठन देहाय बमोजिम हुनेछः:

क) स्थानीय तहको कार्यालय प्रमुख वा निजले तोकेको बरिष्ठ अधिकृत – संयोजक

ख) स्थानीय तहको आर्थिक प्रशासन शाखाको प्रमुख -सदस्य

ग) स्थानीय तहको सम्बन्धित प्राविधिक ( सम्भव भए सम्म अधिकृत स्तर) – सदस्य

घ) स्थानीय तहको राजश्व उपशाखा हेर्ने प्रमुख – सदस्य

ङ) स्थानीय तहमा कानुन अधिकृतको दरबन्दी रहेमा कानून अधिकृत - सदस्य

च) स्थानीय तहको खरिद इकाईको संयोजक - सचिव

२) मुल्याँकन समितिले आफ्नो कार्यविधि आफै बनाई काम गर्न सक्नेछ, र मूल्याँकन समितिमा आवश्यकता अनुसार कर कार्यालयको कर अधिकृत लगायत अन्य विषय विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

**१२) ठेक्का सम्बन्धी अन्य कुराहरुको हकमाः–** प्रकाशित सूचना अनुसार र बोलपत्रमा भएको शर्तहरु अनुसार हुनेछ ।

**१३) संशोधनः–** नगरकार्यपालिकाले यस कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख